लेटाङ नगरपालिका

स्थानीय राजपत्र

खण्ड : ७ संख्या : ३ मिति : २०८०-०३-२०

(भाग —२)

लेटाङ नगरपालिका

ग्रामीण आमा स्वास्थ्य सुरक्षा कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि,२०८०

ग्रामीण आमा स्वास्थ्य सुरक्षा कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि,२०८०

कार्यपालकाबाट स्वीकृत मितिः २०८०।३।०९

प्रमाणीकरण मितिः २०८०।३।२०

प्रस्तावाना :

मौलिक हकको रूपमा रहेको सुरक्षित मातृत्व तथा प्रजनन अधिकारलाई, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन ,२०७५ ले मातृ तथा नवशिशु सेवालाई आधारभूत स्वास्थ्य सेवा प्याकेज र नागरिकलाई निःशुल्क प्रदान गर्नुपर्ने सेवाको सूचीमा समावेश गरेको, लेटाङ नगरपालिकाको भूगोल, नागरिकको आर्थिक अवस्था, स्वास्थ्य सचेतना स्तर र स्वास्थ्य संस्था सम्मको पहुँच विस्तारको कारण गर्भवती आमाहरुलाई जोखिमपूर्ण प्रसूतीबाट जोगाउन र लक्षित समूहलाई नगरभित्रका स्वास्थ्य संस्था तथा समुदाय स्तरमा गुणस्तरीय र प्रभावकारी ग्रामीण आमा स्वास्थ्य सुरक्षा कार्यक्रम सञ्चालन गर्न लेटाङ नगरपाललकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४ को अधिकार प्रयोग गरी "ग्रामीण आमा स्वास्थ्य सुरक्षा कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०" जारी गरिएको छ।

परिच्छेद १

प्रारभिक

१. संक्षिप्त नाम र प्रारम्भः (क) यस काययविधिको नाम "ग्रामीण आमा स्वास्थ्य सुरक्षा कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि,२०८० रहेको छ । "

(ख) **यो कार्यविधि लेटाङ नगरपालिका क्षेत्रभरी लागु हुनेछ ।**

(ग) यो कार्यविधि प्रमाणिकरण भएको मितिबाट **लागु हुनेछ ।**

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) “आवास गृह” भन्नाले लेटाङ नगरपालिका अन्तर्गतका वर्थिङ सेन्टरमा सुत्केरी हुन आउँदा (प्रसव व्यथा लाग्नु अगावै देखि डिस्चार्ज योग्य नहुन्जेल सम्म) सेवा र स्याहारका लागि सञ्चालित सुरक्षित मातृत्व आवास गृहलाई सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले लेटाङ नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले लेटाङ नगरपालिका नगर कार्यापलिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(घ)" नगरपालिका " भन्नाले लेटाङ नगरपालिकालाई सम्झनु पर्छ।

(ङ)"प्रदेश मन्त्रालय" भन्नाले कोशी प्रदेशको स्वास्थ्य सम्बन्धि कार्य गर्न तोकिएको मन्त्रालय सम्झनु पर्छ।

(च)"मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ।

(छ) "महिला स्वास्थ्य स्वयं सेविका" भन्नाले समुदायमा आमा तथा बालबालिकाको स्वास्थ्य स्तरमा सुधार ल्याउने उद्देश्यले आमा समूहबाट छनौट गरिएका स्वयंसेवी भाव भएका महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविकालाई सम्झनु पर्दछ ।

(ज) “लाभग्राही” भन्नाले सम्भाव्य प्रसुतीको समय पुगेको स्वास्थ्य संस्था भर्नाहुने समयदेखि सुत्केरी गराई डिस्चार्ज योग्य नहुन्जेल सम्मका नियमित स्वास्थ्य संस्थामा परीक्षण गराएको आमा र नवशिशु र निजको कुरूवा समेतलाई सम्झनु पर्छ।

(झ) “वडा कार्यालय” भन्नाले लेटाङ नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुलाई सम्झनु पर्छ ।

(ञ)"शाखा" भन्नाले लेटाङ नगरपालिकाको जनस्वास्थ्य शाखा सम्झनु पर्छ।

(ट) "शाखा प्रमुख" भन्नाले लेटाङ नगरपालिकाको जनस्वास्थ्य शाखाको प्रमुख सम्झनु पर्छ ।

(ठ) “समन्वय समिति” भन्नाले दफा १० वमोजिमको समितिलाई सम्झनु पर्छ।

(ड) "समिति" भन्नाले स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन वा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(ढ) "स्वास्थ्य संस्था" भन्नाले नगरपालिका भित्र रहेका सरकारी अस्पताल, प्राथामिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य केन्द्र समेतलाई सम्झनु पर्छ।

(ण)"स्वास्थ्य आमा समूह" भन्नाले समुदायमा बसोबास गर्ने प्रजनन उमेरका इच्छुक सबै महिलाहरु समावेश गरी स्वास्थ्य कार्यकर्ताको सहजिकरणमा गठन भएको आमा समूहलाई सम्झनु पर्दछ।

(त) "स्वास्थ्य कार्यालय" भन्नाले प्रदेश सरकार अन्तर्गत स्वास्थ्य सम्बन्धी मोरङ जिल्लास्तरमा कार्यक्रम हेर्ने कार्यालय सम्झनु पर्छ।

परिच्छेद २

उद्देश्य

३. उद्देश्य: यस नगरपालिकाका गर्भवती, सुत्केरी आमा तथा नवशिशुको स्वास्थ्यमा सुधार ल्याई संस्थागत प्रसुती वढाउँन तथा मृत्यु जोखिम घटाउन देहायअनुसार काम गर्ने उद्देश्य रहेका छन,

(१) मातृ र नवशिशु स्वास्थ्य सेवामा गुणात्मक सुधार गर्न, गर्भवती, सुत्केरी र सुत्केरी पश्चातको नवजात अवधिसम्म आमा एवम् शिशुलाई परीक्षण/ निदानात्मक, सहयोगात्मक र उपचारत्मक कार्यहरू तथा प्रजनन स्वास्थ्यका सेवाहरु समुदायदेखि स्वास्थ्य संस्था सम्म प्रभावकारी र एकीकृत रूपमा सञ्चालन गर्ने,

(२) आवास गृह सेवालाई व्यवस्थित र दिगो रुपमा संचालन गर्ने,

(३) आमा तथा नवशिशु सुरक्षा कार्यक्रम प्रभावकारी बनाई स्थानीय स्तरमा उत्कृष्ट सेवा प्रदायक संस्थाको विकास गर्ने,

(४) हाल सञ्चालित सेवाको स्तरोन्नती गरी नवशिशु तथा आमाको स्वास्थ्य सुधार गर्ने।

परिच्छेद ३

समन्वय समिति सम्बन्धी व्यवस्था

४. समन्वय समितिः (१) ग्रामीण आमा स्वास्थ्य सुरक्षा कार्यक्रम सञ्चालन, व्यवस्थापन, सहजीकरण, अनुगमन समेत गर्न नगरपालिका स्तरमा देहायअनुसारको समन्वय समिति रहनेछ।

(क) नगर उपप्रमुख — अध्यक्ष

(ख) सामाजिक विकास समितिको संयोजक — सदस्य

(ग) लेटाङ अस्पताल व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको व्यवस्थापन समितिको प्रतिनिधि — सदस्य

(घ) कार्यपालिका सदस्य मध्ये नगर प्रमुखले तोकेको एक जना महिला — सदस्य

(ङ) स्वास्थ्य कार्यालय मोरङका सुरक्षित मातृत्व कार्यक्रम अधिकृत — सदस्य

(च) लेटाङ अस्पतालको वरिष्ठत्तम सुरक्षित मातृत्व हेर्ने नर्स — सदस्य,

(छ) महिला स्वास्थ्य स्वयंसेविका मध्ये अध्यक्षले तोकेको एक जना — सदस्य

(ज) जनस्वास्थ्य अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी — सदस्य सचिव

(२) समितिको वैठक सामान्यत त्रैमासिक रुपमा वस्नेछ तर तत्काल सम्वोधन गर्नुपर्ने एजेण्डाका लागि अध्यक्षले जुनसुकैवेला बैठक बोलाउन सक्नेछ।

(३) बैठकमा स्थानीय स्वास्थ्य संस्थाका प्रतिनिधि, आमा तथा नवशिशु सुरक्षाकाको क्षेत्रमा काम गर्ने विज्ञ र सम्बन्धित क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) बार्षिक ४ वटा सम्म बैठकको भत्ता समिति पदाधिकारलाई नगरपालिकाको नियमानुसार उपलब्ध गराउन सकिनेछ।

५. समितिको काम कर्तव्य र अधिकारः (१) आमा सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन यस दफाबमोजिमको कार्यहरू गर्नुपर्नेछ।

क) नगरस्तरमा आवासगृह लगायत ग्रामीण आमा स्वास्थ्य सुरक्षा कार्यक्रमका सेवाहरु सञ्चालन गर्न तोकिएको स्वास्थ्य संस्थाको व्यवस्थापनमा सहजीकरण गर्ने,

ख) कार्यक्रम सञ्चालन गर्न स्रोतको सुनिश्चित गराई कार्यक्रमको अभिमुखीकरण र सार्वजनिक जानकारी गराउने,

ग) सेवाको गुणस्तर मापदण्ड पालना गर्न भौतिक, जनशक्ति र सामग्रीको प्रवन्ध गर्ने,

घ) ग्रामीण आमा स्वास्थ्य सुरक्षा कार्यक्रम तथा आवासगृह सञ्चालनको अनुगमन गर्ने,

च) कार्यक्रमको औचित्य, समस्या र गुनासो सम्बन्धमा अध्ययन, विश्लेषण र समाधान गर्ने,

छ) शुल्क तथा सेवा सुविधा हेरफेर, विस्तार तथा स्थगनको सिफारिस गर्ने।

ज) कार्यविधि, नेपाल सरकार र कोशी प्रदेश सरकारको कार्यक्रम सम्बन्धी नीति मापदण्डको कार्यान्वयन गर्ने।

झ) कार्यक्रम सञ्चालक सेवा प्रदायक,व्यवस्थापक र कर्मचारीको क्षमता विकास प्राविधिक सहयोग, स्थलगत अनुशिक्षणको व्यवस्थापन गर्ने,

ञ) कार्यपालिका सदस्य, वडा समिति, स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयं सेविका र स्वास्थ्य आमा समूहलाई अभिमुखिकरण गरी प्रचार प्रसार र जानकारी गराउने।

परिच्छेद ४

कार्यक्रम व्यवस्थापन र सञ्चालन निकायगत जिम्मेवारी

६. कार्यक्रम व्यवस्थापन र सञ्चालन निकायगत जिम्मेवारीः

(१) नगरपालिकाको काम कर्तव्य र जिम्मेवारीः

क) ग्रामीण आमा तथा शिशु स्वास्थ्य सुरक्षाको आवश्यकता र औचित्य पहिचान गरी नीतिगत व्यवस्था गर्ने,

ख) आवस गृह सहितका सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्था छनौट गरी अनुसूची (१) वमोजिमका सेवाहरु सम्वन्धित संस्थाहरुबाट प्रदान गरिनेछ तर क्रमश थप गर्न बाधा पर्ने छैन।

ग) संघ, प्रदेश सरकार र अन्य निकायसँग समन्वय गरी पूर्वाधार औजार उपकरणको व्यवस्था गर्ने,

घ) वार्षिक नीति कार्यक्रम र बजेटमा कार्यक्रम समावेश गरी बजेटको व्यवस्था गर्ने,

ङ) स्वास्थ्य शाखामार्फत कार्यक्रम सञ्चालन र आवास गृहमा भए गरेका खर्चको विवरण रूजु एवम् प्रमाणित गराउने,

च) आवास गृहमा व्यवस्था गर्नुपर्ने सामग्रीको नियमित आपूर्ति गर्न त्रैमासिक रुपमा भुक्तानीको व्यवस्था गर्ने,

ज) थप बजेट आवश्यक पर्ने भए सोको व्यवस्था गर्ने,

झ) कार्यक्रमको अनुगमन, मूल्याङ्कन, सञ्चालन एवम् अन्त्य गर्न निर्णय लिने,

ट) कार्यविधि वमोजिम गर्भवती तथा सुत्केरी महिलाको प्रयोगशाला परीक्षण निदान स्वीकृत सेवा शुल्क बापतको रकम दावी भुक्तानीमा दोहोरो नपरेको यकिन गरी अस्पताललाई सोधभर्ना दिने।

ठ) समन्वय समितिको सिफारिसमा सेवा, शुल्कको स्वीकृती तथा हेरफेर गर्ने,

ड) कार्यक्रम सञ्चालन र विस्तार गर्न अन्य सरकार र सहयोगी संस्थाहरूसंग आपसी समझदारी सम्झौता गरी कार्यान्वयन गर्ने।

(२) स्वास्थ्य संस्था र सेवा प्रदायक कर्मचारीको काम कर्तव्य र जिम्मेवारीः

क) ग्रामीण आमा सुरक्षा कार्यक्रम अन्तरगत उपलव्ध सेवा र आवास गृह खाली नरहेको/ नभएको अवस्थामा खाली नभएसम्म सोको जानकारी प्रत्येक दिन सूचना पाटी वा आधिकारिक पेजमा सार्वजनिक गर्ने,

ख) सेवाको उचित सदुपयोग हुने वातावरण मिलाउन कार्यविधिको मापदण्डका कार्यान्वयको प्रकृया सार्वजनिक गरी कार्यान्वयन गर्ने,

ग) निशुल्क भनि सूचिकृत गरिएका सेवाहरू निशुल्क प्रदान गर्ने,

घ) निशुल्क भनि उल्लेख नभएका सेवाहरू प्रचलित कानून वा मापदण्ड अनुसार उपलव्ध गराउने तर चिकित्सकको लिखित प्रेषण तथा आदेश विना अतिरिक्त सेवा प्रदान नगर्ने।

ङ) सेवा प्रदान गरेपछि स्वास्थ्य संस्था र शाखाले प्रचलित स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको अतिरिक्त कार्यविधि बमोजिम गुणात्मक अभिलेख तथा समयमै प्रतिवेदन गर्ने,

च) स्वास्थ्य संस्थाले कार्यविधिको अनुसूची ४ अनुसार अभिलेख राख्ने,

छ) स्वास्थ्य संस्थाले अनुसूची ५ को ढाँचामा प्रत्येक महिनाको सात गतेभित्र स्वास्थ्य शाखामा प्रतिवेदन पेश गर्ने।

ज) स्वास्थ्य संस्थाले यस कार्यविधि अनुसार स्वीकृत कार्यक्रम सञ्चालन तथा सेवा प्रदान गर्दा भएको खर्चको भुक्तानी वा सोधभर्ना अनुसूची-६ को ढाँचामा आवश्यक विल भरपाई तथा खर्च पुष्टि हुने कागजात सम्लग्न राखी माग गर्नु पर्नेछ।

झ) कार्यक्रम अन्तर्गत उपचार तथा व्यवस्थापन खर्चको सोधभर्ना त्रैमासिक रुपमा माग गर्नुपर्नेछ।

ञ) स्वास्थ्य संस्थाले सेवा प्रवाहको अवस्था र खर्चको विवरण सार्वजनिक गर्नु पर्नेछ।

ट) आर्थिक वर्षको अन्त्यमा खाता बन्दहुने समय अगाबै कार्यक्रम सञ्चालनको रकम व्यवस्थापन गरी सेवा प्रवाहलाई निरन्तरता दिनु पर्नेछ।

ठ) तोकिएको भन्दा अतिरिक्त मात्रामा गरिएको परीक्षण, सिफारिस र दावी भुक्तानी नगरपालिकाले गर्ने छैन। त्यसरी भएको अतिरिक्त रकम लाभग्राहीबाट दाखिला नगराई स्वास्थ्य संस्थाले खर्चमा समावेश गरिएको पाईएमा सो बराबरको रकम लिखित आदेश दिने पदाधिकारीबाट र त्यस्तो आदेश नभए अतिरिक्त सेवा दिन गर्न संलग्न कर्मचारीबाट सराकरी बाँकी सरह असुल गरिनेछ।

परिच्छेद ५

कार्यक्रम सञ्चालन प्रक्रिया

७. कार्यक्रम सञ्चालन प्रक्रियाः नेपाल सरकार, कोशी प्रदेश सरकारद्वरा स्वीकृत र यस कार्यविधि अनुसारका विभिन्न सेवा तथा क्रियाकलापहरू व्यवस्थित, गुणात्मक र नियमित सञ्चालन गर्न देहाय अनुसार गर्ने,

(१) कार्यविधि तथा सञ्चालन मापदण्ड स्वीकृत गरी पूर्वाधार तयार गर्ने,

(२) कार्यविधिमा तोकिएको आवास गृह सञ्चालन गर्ने न्यूनतम पूर्वाधार पूरा भएको स्वास्थ्य संस्था छनोट गर्ने,

(३) कार्यविधिको अभिमुखीकरण र समिति गठन, बजेटको विनियोजन र आवास गृहको लागि कोठा, बेड, उपकरण र अन्य सामग्रीको व्यवस्थापन गर्ने,

(४) सम्भाव्य प्रसुतीको समय पुगेको गर्भवती, स्वास्थ्य संस्थामा सुत्केरी हुनका लागि भर्नाहुने समय वा प्रसव व्यथा लाग्नु अगावै देखि सुत्केरी भई डिस्चार्ज योग्य नहुन्जेल सम्म लाभग्राहीलाई पहिलो आउनेलाई पहिलो प्राथमिकतामा/First come first service का आधारमा भर्ना गरी सेवा दिने।

तर उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रसव व्याथा लाग्नु अघि र प्रसव पछि गरी अधिकतम ७ दिन वा विशेष अवस्थाका भएमा थप ३ दिन सम्म गरी कुल जम्मा १० दिन मात्र आवास सुविधा उपलब्ध हुनेछ।

(५) आवास गृहमा लाभग्राही आमा र कुरूवालाई देहायका सुविधा निशुल्क दिनेः

यस दफा अनुसार कुरूवा सुविधा प्रसव व्याथा सुरू भएपछि २ जना र त्यस अघि १ जना मात्र राख्न पाउनेछ।

क) प्रतीक्षा तथा आवास,

ख) स्वास्थ्य परामर्श,

ग) आवासमा प्रयोग हुने व्यवस्थापकीय सामग्री (खाट, डस्ना, सिरक, व्ल्याङ्केट, तन्ना,खोल आदि.. प्रयोगका लागि मात्र)

घ) खाद्य सामग्रीः चना, गेडागुडी वा दाल, चामल, नुन र तेलका लागि प्रति दिन ब्यक्ति रू १८१/- (एक सय एकासी रूपैया)

ङ) भान्सामा प्रयोग हुने खाने, पकाउने, पस्कने, भाडा वर्तनः कुकर, थाल/ प्लेट, चिया पकाउने, छान्ने, बाटा, बाल्टी, मग, दिउरे, भाँडा वर्तन, कराईं, डाँडु, पन्यू, चम्चा, डेक्ची, ग्याँस र ग्याँस चुल्हो वा विद्युतीय चुलो, ग्याँस रिफिल वा आपूर्ति नियमित बनाउने,

च) अनुसूची २ वमोजिम ल्याव प्याकेजको जाँच सेवाको सुविधा

तर उपदफा च) अनुसार प्रदान गरिने सेवाहरु चिकित्सकको प्रिस्कृप्सन वा विशेष अवस्थामा बाहेक गर्भवती अवस्थामा एक पटक र सुत्केरी अवस्थामा एक पटकका लागि मात्र हुनेछ।

छ) स्वास्थ्य संस्थाहरुले समान प्रकारका वा स्तरीय अभ्यास हुने प्रयोगशाला तथा निदान केन्द्रहरुबाट मान्य समायावधि भित्र गरिएका परीक्षणका रिपोर्टहरुलाई मान्यता दिनुपर्नेछ।

(६) लाभग्राही एवम् कुरुवाको भर्ना तथा पालना गर्नुपर्ने सर्तहरूः

क) आवास गृह खाली भएको अवस्थामा पहिलो आउनेलाई पहिलो प्राथमिकता दिइ भर्ना गरिनेछ।

ख) आवास प्रयोग गर्दा आवश्यक पर्ने नागरिकता, विवाहा दर्ता, बसाईसराईंको सक्कल सहित तोकिएको कागजात राखी अनुसूची ३ को फाराम भरेर आवास भर्ना हुनु पर्नेछ।भर्ना रजिष्टर अलग्गै बनाउनु पर्नेछ।

ग) आवास गृहमा प्रयोग हुने सामान तथा सरसफाइ कार्यको सुनिश्चिततताका लागि पछि फिर्ता हुने गरी धरौटीबापत रू १०००/- नगद जम्मा गर्नुपर्नेछ।

घ) कार्यविधि, स्वास्थ्य उपचार, आवास गृह प्रयोग, स्वस्थ्य संस्थाको मापदण्ड पालना एवम् संरक्षणमा सहयोग गर्नु पर्नेछ।

ङ) आवास गृहमा रहेका सामानहरू प्रयोग र सुरक्षा गरी सेवा प्रदायकबाट बुझ्ने, खेर र प्रयोग भएर जाने सामग्री बाहेक अन्य समान बुझेकै अवस्थामा बुझाउनु पर्नेछ। सामग्रीको हिफाजत गर्नु लाभग्राही तथा कुरुवाको दायित्व हुनेछ। लाभग्राहीको लापरबाहीले टुटफुट भएमा, मर्मत सम्भार गर्नुपरेमा वा काम नलाग्ने भएमा धरौटीबापत जम्मा गरेको रकमबाट कटाई क्षतीपूरण गर्ने त्यसले नपुगेको अवस्थामा सम्बन्धित व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

च) आवास गृहमा बस्दा फोहर मैला व्यवस्थापन तथा सरसफाईको काम कुरुवाले जिम्मेवार भई गर्नु पर्नेछ।

छ) आवास गृहमा प्रतिवन्धित मादक पदार्थ, सुर्तीजन्य र अन्य पदार्थको सेवन गर्न पूर्ण निषेध हुने भएकोले गर्भवती, सुत्केरी, कुरूवा र परिवार सबैले पालना गर्नु पर्नेछ।

ज) प्रचलित कानुन, कार्यविधि, स्वास्थ्य मापदण्डको पालना नगरेको पाईएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ।

झ) आवासमा वस्दा आवश्यक पर्ने साग, मासु, अण्डा, दुध र फलफुलको व्यवस्था गर्ने।

८. स्वास्थ्य संस्था छनोटको आधारः

(१) २४ घण्टे प्रसुति सेवा सञ्चालनमा रहेको सरकारी संस्था,

(२) रोग निदानका लागि ल्याब सेवा उपलब्ध भएको,

(३) SBA तालिम प्राप्त स्वास्थ्य कर्मचारी भएको,

(४) आवास गृह सञ्चालनका लागि कोठा उपलव्ध गराउन सक्ने,

(५) नगरबासीलाई पायक पर्ने ठाउँको स्वास्थ्य संस्था,

९. सेवा प्रदायक स्वास्थ्यकर्मीको सुविधाः

(१) कार्यविधि अनुसार सेवालाई व्यवस्थित बनाउँन तथा प्रेषण एवम् प्राप्ति प्रकृया सहज बनाउन स्वास्थ्य सस्था र स्वास्थ्य कर्मीलाई देहायका सुविधाहरू प्रदान गरिनेछ। क) सेवा प्रदायक संस्थाको सम्बन्धित व्यक्तिले प्रयोग गर्ने गरी टेलिफोनको लाइन वा सीमको व्यवस्था गरी आवश्यकता अनुसार सञ्चालन खर्च।

ख) आवास गृहको रेखदेख, सेवा व्यवस्थापन तथा सुपरिवेक्षण गर्ने वर्थिङ सेण्टरमा सेवा गर्ने १/१ जना नर्स र कार्यालय सहयोगीलाई प्रचलित दर वमोजिमको दोहोरो नपर्ने गरी रात्री भत्ता नगरपालिकाले उपलब्ध गराउनेछ।

ग) महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई समुदाय स्तरमा कार्यक्रमको पैरवी, सामाजिक बजारीकरण, स्वास्थ्य आमा समूह वैठक र सचेतना कार्यक्रम सञ्चालन गर्न सहयोग गर्नुपर्नेछ।

१०. लाभाग्राही, लाभग्राही वर्गिकरण र सेवा प्रवाहको शर्त तथा मापदण्डहरुः (१) लाभग्राही र सेवाग्राहीको वर्गिकरण देहायअनुसार रहनेछ,

क) सम्भाव्य डेलीभरीको समय पुगेको गर्भवती स्वास्थ्य संस्था भर्नाहुने समयदेखि प्रसुती गराई डिस्चार्ज योग्य नहुन्जेल सम्मका गर्भवती आमा,

ख) लेटाङ नगरपालिकाको स्थायी वासिन्दाका लागि सेवा निशुल्क हुनेछ।

तर अन्य जुनसुकै स्थानीय तहका नागरिकहरुका लागि कार्यपालिकाले तोके बमोजिमको शुल्क लाग्नेछ।

ग) शुल्क तिर्ने वा नतिर्ने जुनसुकै समूहका लाभग्राही भए तापनि पहिला भर्ना हुनेलाई पहिलो सुविधा प्रदान गरी पछि आउनेका लागि अवस्था हेरी स्वस्थ्यकर्मीले उचित सुझाव दिनु पर्नेछ। त्यसरी दिइएको सुझाव पालना गर्नु गर्भवती र परिवारको दायित्व हुनेछ।

घ) यो सेवा सुरूमा कार्यापालिकाले तोकेको एउटा स्वास्थ्य संस्थामा सञ्चालन हुनेछ, आवश्यकता र औचित्यका आधारमा कार्यपालिकाले अन्य संस्थामा विस्तार गर्न सकिनेछ।

(२) लाभग्राहीले पेश गर्नुपर्न कागजातहरु,

अ) नेपाली नागरिकताको प्रमाणपत्र ।

आ) विवाहदर्ताको प्रमाणपत्र।

इ) बसाईसराई गरी आएको भए बसाईसराई दर्ताको प्रमाण पत्र ।

तर यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य संस्थाको आवास गृहमा तोकिएको कोटा (बेड क्षमता) जुनसुकै लाभग्राहीले प्रयोग गरेका कारण पुरा भएको अवस्थामा स्वास्थ्य कर्मीले दिएको जानकरी तथा रिफर अनुसार मातृतथा नवशिशु सुरक्षाका लागि लाभग्राही तुरुन्त बैकल्पिक व्यवस्था गर्नुपर्नेछ।

परिच्छेद - ६

कार्यक्रमको दिगोपना, एकीकरण अनुगमन तथा लेखा परीक्षण

११. समन्वय: नगरपालिकाले ग्रामीण आमा सुरक्षा कार्यक्रमलाई प्रभावकारी संचालन र दिगोपनाको लागि प्रदेश सरकार, संघीय सरकार तथा विकास साझेदार संघसंस्था र सरोकारवालासँग समन्वय, सहकार्य र साझेदारी गर्न सक्नेछ।

१२. एकीकरण तथा संयोजन: घरमा हुने डेलिभरी शुन्य बनाउने (Zero Home Delivery), ग्रामीण अल्ट्रासाउण्ड, पिएनसी होम भिजिट, आमा सुरक्षा प्रेषण र अन्य कार्यक्रम सँग संयोजन गरी सञ्चालन गर्न सकिनेछ।

१३. अनुगमन र मूल्याङ्कन: नगरपालिका, प्रदेश मन्त्रालय, स्वास्थ्य कार्यालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यस कार्यक्रमको अनुगमन गर्नेछ।

१४. लेखापरीक्षण: यस कार्यक्रमका लागि भएको खर्चको आन्तरिक लेखापरीक्षण लेटाङ नगरपालिकाबाट र अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

परिच्छेद - ७

विविध

१५. वार्षिक समीक्षाः समन्वय समित, समिति र कर्मचारी वैठकमा कार्यक्रमको नियमित समीक्षा गर्नुपर्नेछ। प्रचलित कानुन अनुसार सामाजिक परीक्षण गर्नुपर्नेछ।

१६. वार्षिक प्रतिवेदनः वमोजिमको समन्वय समितीले वार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

१७. बाधा अड्काउ फुकाउः कार्यविधि कार्यान्वयनमा कुनै अस्पष्टता वा बाधा अड्काउ देखिएमा समन्वय समितीको सिफारिसमा नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

१८. विविधः यस कार्यविधि लागु हुनु अगावै यस कार्यक्रमसँग सम्वन्धित भए गरेका काम कार्वाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

१९. दण्ड जरिवाना र सजायः (१) यो कार्यविधि र प्रचलित कानून विपरित कार्य गरेमा कसूर गरेको मानी कसूर गर्नेलाई प्रचलित कानुनी प्रक्रिया पूरा गरी सजाय हुनेछ।

(२) सजायको आदेश दिनु अघि सफाइको मौका दिइनेछ।

२०. खारेजी तथा बचाउः (१) यो कार्यविधि संघीय र प्रदेश कानूनसँग बाझिएमा त्यसरी बाझिएको हदमा संघीय कानूनबमोजिम हुनेछ।

(२) यो कार्यविधि जारी हुनु अघि यस सम्बन्धी भए गरेका काम कारवाही यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ।

अनुसूची (१)

लेटाङ नगरपालिकाका सेवा क्षेत्र तथा सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरु

सेवा क्षेत्र	**सेवा प्रदान गर्ने स्वास्थ्य संस्था**
२४ घन्टा प्रसुति सेवा	.................अस्पताल/स्वास्थ्य चौकी
रोग निदानका लागि ल्याव सेवा	.................अस्पताल/स्वास्थ्य चौकी
२४ घन्टा प्रसुति सेवाका लागि Maternity Waiting Home को व्यबस्था,	.................अस्पताल/स्वास्थ्य चौकी
सुरक्षित मातृत्त्व सेवाको Complete Package (PNC Home Visit सेवा, EOC प्रेषण सेवा, ट्र्याकिङ्ग सेवा आदि)	सवै स्वास्थ्य संस्थाहरु
सामुदायिक परिचालन, माग क्षेत्र सुदृढिकरण तथा आमा समूह परिचालन	सवै स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयम् सेविकाहरु
सुरक्षित गर्भपतन सेवा	.................अस्पताल/स्वास्थ्य चौकी
VIA जाँच सेवा	.................अस्पताल/स्वास्थ्य चौकी
कम्तिमा पाँच प्रकारका परिवार नियोजन सेवा	.................अस्पताल/स्वास्थ्य चौकी
PMTCT सेवा	.................अस्पताल/स्वास्थ्य चौकी
आङ्ग खस्ने समस्याको रोकथाम तथा कन्जरभेटिभ उपचार सेवा	.................अस्पताल/स्वास्थ्य चौकी
सुरक्षित मातृत्व आवास गृह	.................अस्पताल/स्वास्थ्य चौकी
अल्ट्रा साउण्ड सेवा	.................अस्पताल/स्वास्थ्य चौकी

अनुसूची (२)

गर्भवती तथा सुत्केरी अवस्थामा प्रदान गरिने ल्याव सेवाहरु

अवस्था	परीक्षण गरिने	सिफारिस गरिएका सेवाहरु
गर्भवती	रगत	ग्रुपिङ, RH typing, CBC, Hemoglobin, Sugar (R, F, PP मध्ये २) VDRL, HBSAG, HTC/ PMTCT.
	पिशाव	RE, ME, Mid-Stream Gram Staining, UPT (Clinical Evidence को आधारमा यकिन नभएको गर्भवतीहरुका लागि मात्र)
सुत्केरी	रगत	Hemoglobin, स्वास्थ्य समस्या भएमा CBC, Sugar (R, F, PP मध्ये २), VDRL थप गर्न सकिने ।
	पिशाव	गर्भवती अवस्थामा प्रदान गरिने सेवाहरु अनुरुप।

अनुसूची-३

सेवाग्राहीको तर्फबाट परिवार वा कुरुवाले गर्नुपर्ने मञ्जुरीनामाको ढाँचा

मञ्जुरीनामा

उपरोक्त बिषयमा ....मा सुत्केरी गराउन आउँदा ग्रामीण आमा स्वास्थ्य सुरक्षा कार्यक्रम अनुसार यस संस्थाको आवास गृहमा बस्नका लागि कार्यालयका मूल्य मान्यता तथा निम्नानुसारको शर्तहरु पालना गर्ने गरि म मेरो .... पर्ने .... गाउँ/ नगरपालिका वडा नम्वर .... वस्ने .... लाई राखी सेवा लिन यो कवुलियतनामा गरी .... प्रमाण पत्र वा नगद रु १०००।०० धरौटी स्वरुप राखी २ प्रति मञ्जुरी नामा गरी एक एक प्रति वुझि लियौं, दियौं।

शर्तहरु:

क. कुरुवाको संख्या प्रति गर्भवती महिला एकजना र सुत्केरी व्यथा शुरु भएदेखि २ जना सम्म रहनेछ,

ख. खाजा/खाना को लागि साग सब्जीको व्यवस्था नातेदार, कुरुवा वा लाभग्राही पक्षबाटै गर्नुपर्नेछ,

ग. आवास गृह प्रयोग गर्दा सार्वजानिक सरसमान तथा स्थानहरुको हिफाजत ,संरक्षण गर्नुका साथै फोहोर मैला व्यवस्थापन तथा सरसफाइका लागि नातेदार, कुरुवा वा लाभग्राही पक्ष नै जिम्मेवार रहनेछ,

घ. आवास गृहमा सेवा लिदा नातेदार, कुरुवा वा लाभग्राही पक्षले मादक पदार्थ वा सुर्तिजन्य पदार्थ सेवन गर्न गर्न पाइने छैन।

सेवाग्राहीको ल्यापचे(अनिवार्य)

दायाँ	बायाँ

लाभग्राहीको तर्फबाट नातेदार वा कुरुवाको

सहि:......................................

पुरा नाम:..

ठेगाना:....................................

मिति:.......................................

उपर्युक्त शर्त पुरा गरी डिस्चार्जको समयमा .... प्रमाण पत्र वा नगद रु १०००।०० धरौटी फिर्ता वुझाइ वुझि लिएका छौं।

सहि:......................................

पुरा नाम:..

बुझाउँने

सहि:......................................

पुरा नाम:..

बुझिलिने

अनुसूची-४ अभिलेख ढाँचा
(दफा ६(२) च सँग सम्बन्धित)

क.सं.	दर्ता मिति	लाभग्राहीको नाम	अभिभावक वा कुरुवाको नाम थर	अभिभावक वा कुरुवाको सम्पर्क नम्बर	स्थायी ठेगाना			प्रेषण/ सामाजिक परिचालन					गर्भवती प्रयोगशाला सेवा परीक्षण						क्याल्सियम चक्की (३१५) वितरण गरेको	सेवा विवरण									सेवा प्रदायकको	कैफियत
								उत्प्रेरणा/प्रेषण गरी पठाउँने												२४ घण्टा प्रशुती तथा प्रसूती पश्चातको सेवा				आवास गृह प्रयोग		RUSG सेवा		अन्य सेवाहरु		
					स्थानीय तह	वडा नं.	टोल	म स्वा स्व से	स्वास्थ्य संस्था	निजी स्वास्थ्य संस्था	अन्य	जिम्मेवार म स्वा स्व से को नाम	CBC	Grouping/ RH Typing	VDRL	HBsAG	Blood Sugar	Urine RE/ME		सुत्केरी भएको मिति	उपचार तथा व्यवस्थापन	शिशु तथा आमाको स्वास्थ्य अवस्था	प्रेषण गरिएको संस्था	लाभान्वित संख्या	प्रयोग दिन	निदानका लागि	बृद्धि मापनका लागि			

अनुसूची- ५

(दफा ६(२) छ सँग सम्बन्धित)

ग्रामीण आमा स्वास्थ्य कार्यक्रमको मासिक प्रतिवेदन ढाँचा

आ.वः स्वास्थ्य संस्थाः

महिनाः मितिः

सि .न.	कार्यक्रमको विवरण		प्रगति	इकाइ (जनापटक /)	कैफियत
१.	२४ घण्टा प्रशुती सेवा	सुत्केरी भएको			
		Refer			
२.	प्रयोगशाला सेवा परीक्षण	CBC			
		Grouping/ RH typing			
		VDRL			
		HBsAG			
		Blood Sugar			
		Urine RE/ME			
३.	क्याल्सियम चक्की (३१५) वितरण गरेको संख्या				
४.	सा .से .स्वयं .स्वा.म. परिचालन तथा मापन	रक्तचाप मापन			
		तौल मापन			
५.	VIA जाच				
६.	आवास गृह प्रयोग	लाभान्वित संख्या			
		प्रयोग दिन			
७.	RUSG सेवा	निदानका लागि			
		वृध्दि मापनका लागि			
८.	उत्प्रेरणा / प्रेषण गरी पठाउँने	म स्वा स्व से			
		स्वास्थ्य संस्था			
		निजी स्वास्थ्य संस्था			
		अन्य			
९.	जम्मा लाभाञ्वित संख्या				
१०.	जम्मा रेफर संख्या				
११.	सेवा सुधारका लागि तत्काल लिनुपर्ने कदमहरु				

तयार / पेश गर्ने प्रमाणित गर्ने

अनुसूची-६

(दफा ६(२) छ सँग सम्बन्धित शोध भर्ना माग ढाँचा)

मितिः आ. व.: त्रैमासिक अवधिः

……………… देखि……………… सम्म

क.सं	विवरण	संख्या		स्वास्थ्य संस्थाले पाउने निर्देशिकाले तोकेको रकम		कैफियत
		लाभग्राही संख्या	सेवा भुक्तानी माग सङ्ख्या	दर	जम्मा	
१.	CBC					
२.	Grouping/ RH typing					
३.	VDRL					
४.	HBsAG					
५.	PMTCT					
६.	Blood Sugar					
७.	Urine RE/Me					
८.	अन्य अत्यावश्यक परीक्षण					
९.	सञ्चार खर्च					
१०.	वन्दोवस्ती खर्च					
११.	चामल, दाल, तेलबापत प्रति दिन प्रति व्यक्ति रू १८१ को रकम					

……………… ………………

तयार गर्ने प्रमाणित गर्ने

आज्ञाले

नारायण न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत